# सिद्धलेक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८०/०८१
चलानी नं.

मितिः २०८०/१०/२८

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

## प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत आ.व. २०८१/०८२ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (दोस्रो संशोधन, २०७८ सहित) बमोजिम आगामी आर्थिक वर्ष २०८१/०८२ मा स्थानीय तह मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने चालु आ. व. २०८०/०८१ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८ वर्ष देखि ५९ वर्ष उमेर समूहका इच्छुक बेरोजगार व्यक्तिले २०८० फागुन महिना भित्र आफूले स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा गई तहाँ उपलब्ध गराईएको अनुसूची १ बमोजिमको फारम भरी तपसिल बमोजिमका कागजातहरु संलग्न गरी बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनका लागि निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| | |
|---|---|
| १) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | १ प्रति |
| २) पासपोर्ट साइजको फोटो | १ प्रति |
| ३) बसाई सरी आएको भएमा बसाई सराई प्रमाणपत्रको प्रतिलिपि | १ प्रति |
| ४) शैक्षिक योग्यताको हकमा प्रमाणपत्रहरुको प्रतिलिपि १/१ प्रति (नभएमा अनिवार्य नरहेको) | |
| ५) सीप सम्बन्धी कुनै प्रमाणपत्र भएमा सो को प्रतिलिपि | १ प्रति |

**पुनश्चः** फारममा उल्लेखित सम्पूर्ण विवरणहरु (परिवारका सदस्यहरुको समेत) अनिवार्य रुपमा भर्नुपर्नेछ। विवरण अपूर्ण रहेको फारम मान्य हुने छैन।

(हरि बहादुर पाठी मगर)
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत